**बैठक संख्या : ६१**

आज मिति २०७६/१२/२३ गते ……… बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता घिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री हरि प्रसाद ज्ञवाली | नि. प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री कनक मान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २७ | श्री विजय राज वाग्ले | अधिकृत | |

**बैठकका प्रस्तावहरु** :

१. राहत कोष स्थापना तथा संचालन सम्बन्धमा ।

२. टास्क फोर्स गठन सम्बन्धमा ।

३. नगर प्रमुखबाट कोविड-१९ रोकथाम नियन्त्रणमा भए गरेका आदेशहरुको अनुमोदन सम्बन्धमा ।

४. क्वारेन्टाइन व्यवस्थापन, स्वास्थ्यकर्मी परिचालन र आवश्यक स्वास्थ्य सामाग्री सम्बन्धमा ।

५. प्रदेश र केन्द्र संग सम्पर्क समन्वय गर्ने सम्बन्धमा ।

६. विशेष परिस्थितिमा फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

७. पशुपन्छी आहार व्यवस्थापन तथा ओसार पसार सम्बन्धमा ।

८. विविध ।

## निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोविड १९ नियन्त्रणका लागि कोरोना भाइरस कोविड १९ नियन्त्रण तथा राहत कोष स्थापनाका लागि राष्ट्रिय वाणिज्य बैकं तौलिहवा शाखामा रहेको कपिलवस्तु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रकोप व्यवस्थापन कोष खाता ३११०३०५०४९४०२ मा कपिलवस्तु नगरपालिकाबाट १ करोडको कोष खडा गरि कोरोना नियन्त्रण,रोकथाम, राहत सम्बन्धि कार्य र यस बाट सिर्जित अन्य कार्यहरुमा खर्च गर्ने र राहत सम्बन्धि कार्यका लागि नेपाल सरकार मन्त्रिपरिषद बैठकबाट स्वीकृत असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराउने राहत सम्बन्धि मापदण्ड, २०७६ समेतलाई आधार मानि देहायको मापदण्डको आधारमा लाभग्राही छनौट तथा वितरण गर्ने निर्णय गरियो ।

तपशिल

- परिवारमा कुनै पनि सदस्यको (स्वदेश तथा बैदेशिक रोजगारबाट) श्रोत नभएको परिवारका सदस्यहरुलाई मात्र राहत उपलव्ध गराउने ।
- दैनिक ज्याला मजदुरी गरेर आफु र आफ्नो परिवारको दैनिक जिविकोपार्जन गर्दै आएका र अहिलेका परिस्थितिले गर्दा काम गर्ने अवसर गुमाएका परिवारका सदस्यहरुलाई मात्र राहत उपलव्ध गराउने ।
- परिवार वा अन्य कसैबाट उचित स्याहार सुसार र सहयोग प्राप्त नगरेका बृद्ध,असहाय,अशक्त,गर्भवती,महिला,दिर्घरोगी,टुहुरा बालबालिका र फरक क्षमता भएका व्यक्तिहरुलाई मात्र राहत उपलव्ध गराउने ।
- नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति बाहेकका परिवारका सदस्यहरुलाइ मात्र राहत उपलव्ध गराउने ।
- लकडाउनको कारण आफ्नो देश गाँउघर जान नसकी यस महानगर क्षेत्रभित्र अलपत्र परेका स्वदेशी तथा विदेशी व्यक्तिहरुलाई राहत उपलव्ध गराउने ।
- मन्दिर,गुम्बा तथा अन्य सार्वजनिक स्थानमा भेटी, चन्दा संकलन गरि जिविकोपार्जन गर्ने व्यक्तिलाई राहत वितरणमा समावेश गर्ने ।
- स्वदेशी तथा विदेशी संस्थामा काम गरि नियमित रुपमा पेन्सन प्राप्त गर्ने परिवारलाई राहत वितरण समावेश गरिने छैन ।
- नगरक्षेत्रमा पक्की घर,मोटरसाइकल,गाडी लगायतका अन्य विलासिताका साधन भएका र ग्रामिण भेगमा आफ्नो उत्पादनले जिविकोपार्जन गर्न सक्ने अवश्थामा भएका परिवारलाई राहत वितरणमा समावेश गरिने छैन ।

- सगोलमा भएका परिवारहरु लकडाउन पश्चात छुट्टिभिन्न भएको भनि छुट्टा छुट्टै राहत माग गरेमा राहत वितरणमा समावेश गरिने छैन ।
- कुनै पनि प्रकारका व्यापार, व्यवसाय वा आयआर्जनमा संलग्न भएको परिवारलाई राहत वितरणमा समावेश गरिने छैन ।
- संगठित क्षेत्र तथा संस्था कार्यरत मजदुरहरुलाई रोजगारदाता क्षेत्र वा संस्थाले लकडाउन अवधिको पारिश्रमिक उपलब्ध गाउनु पर्ने छ ।
- यस नगर क्षेत्र भित्र संचालनमा रहेका आयोजनाहरुमा कार्यरत मजदुरहरुलाई सम्बन्धित निर्माण व्यवसायिले न्युनतम जिविकोपार्जनको व्यवस्थ गर्ने ।
- असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराउने राहत सम्बन्धि मापदण्ड, २०७६ को दफा ३ अनुसारका परिवारहरुको अभिलेख को अनुसूची १ बमोजिमको तयार गरि सार्वजनिक समेत गर्नु पर्ने ।
- राहत वितरण गर्दा मापदण्डको अनुसूची २ बमोजिमको ढांचामा राखि वितरण गर्नु पर्ने छ ।
- उल्लेखित राहत प्राप्त गर्ने नामावलीको आधारमा प्रति परिवारलाई राहत वापत देहायको सामाग्रीहरु कपिलवस्तु नगरपालिकाले तोकेको अधिकतम दररेटको परिधि भित्र रहि आपुर्तिकर्ताबाट दरभाउपत्र लिई न्युन दरभाउपत्रवाला बाट गुणस्तर यकिन गरि खरिद गर्ने तथा वितरण गर्ने कार्य वडा स्तरीय समिति (कार्यदल) ले गर्ने छ ।
    - चामल मोटा १५ के.जी
    - दाल केराउ १.५ के.जी
    - नुन १ पकेट
    - खाने तेल १ लिटर
    - साबुन २ वटा
    - सामाग्री राख्ने बोरा प्रति परिवार १ थान
- वडा समितिबाट राहत सामाग्री खरिद गरिएको विल भरपाई, दरभाउपत्र वितरण गरेको विवरण तथा प्रतिवेदन को आधारमा राहत कोषबाट नगरपालिकाले वडालाई भूक्तानि गर्ने ।
- अनुसूची २ बमोजिमको अभिलेख साप्ताहिक रुपमा वडा समिति (कार्यदल) ले सार्वजनिक गर्नु पर्ने छ ।
- तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरि राहत लिनु वा दोहोरो राहत लिनु हुंदैन ।
- कोरोना नियन्त्रण,रोकथाम, राहत का लागि खडा गरिएको कोषमा आवश्यक सहयोगका लागि विभिन्न व्यक्ति,संघ संस्था,दातृ निकायमा अनुरोध गर्ने साथै राहत वितरण कार्य एकद्धार प्रणालिबाट गर्ने ।
- कपिलवस्तु नगरपालिकाका देहायका पदाधिकारी तथा नगरपालिका मातहतमा कार्यरत कर्मचारीहरुको देहाय बमोजिमको शुरु तलव स्केलको कट्टा गरि कोषमा जम्मा गर्ने ।
    - नगर प्रमुख श्री किरण सिंह ज्युबाट ३० हजार
    - नगर उपप्रमुख श्री लक्ष्मी गुप्ता साव ज्युबाट रु. ३० हजार
    - वडा नं. १ का वडा अध्यक्ष श्री सुदिप पौडेल बाट रु. २५ हजार
    - वडा नं.२ का वडा अध्यक्ष श्री रामभजन कलवारबाट २५ हजार
    - वडा नं.३ का वडा अध्यक्ष श्री रुद्र बहादुर गैरेबाट २५ हजार

- वडा नं.६ का वडा अध्यक्ष श्री रामदिनेश यादवबाट २५ हजार
- वडा नं.७ का वडा अध्यक्ष श्री धर्मात्मामणि त्रिपाठीबाट ५ हजार
- वडा नं.८ का वडा अध्यक्ष श्री शिव  कुमार पाण्डेयबाट १० हजार
- वडा नं.९ का वडा अध्यक्ष श्री शिव बहादुर वाग्लेबाट २५ हजार
- वडा नं.१० का वडा अध्यक्ष श्री मोहललाल शर्माबाट २५ हजार
- वडा नं.११ का वडा अध्यक्ष श्री रामगोपाल यादवबाट २५ हजार
- वडा नं.१२ का वडा अध्यक्ष श्री ओम प्रकाश पाण्डेयबाट २५ हजार
- कार्यपालिका सदस्य श्री सविता घिमिरेबाट रु. ५ हजार
- कार्यपालिका सदस्य श्री इन्साल अलि धुनिया बाट रु. ५ हजार
- अधिकृत स्तरको ७ दिनको
- सहायक स्तरको ५ दिनको
- श्रेणी विहनिको ३ दिनको

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल हुंदा कोविड १९ महामारी रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिमको नगर स्तरीय तथा वडा स्तरीय कार्यदल तथा अनुगमन समिति गठन गर्ने र नगर स्तरीय कार्यदललाई महामारी रोकथाम र न्युनिकरण गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने राहत वितण गर्दा कुनै समस्या परेमा समस्या समाधान गर्न आवश्यक निर्णय गर्न र अख्तियारी प्रत्यायोजन गर्ने निर्णय लगायतका सम्पूर्ण कार्य गर्न समेत   अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नगर स्तरीय कार्यदल**

संयोजक : नगर प्रमुख कपिलवस्तु नगरपालिका
सदस्य : उप प्रमुख कपिलवस्तु नगरपालिका
सदस्य : श्री प्रमुख प्रशासकीय अधिकृत, कपिलवस्तु नगरपालिका
सदस्य : लेखा अधिकृत बलराम न्यौपाने

**कोरोना रोकथाम तथा न्युनिकरण नगर स्तरीय अनुगमन समिति**

संयोजक : नगर प्रमुख कपिलवस्तु नगरपालिका
सदस्य : उप प्रमुख कपिलवस्तु नगरपालिका
सदस्य : श्री प्रमुख प्रशासकीय अधिकृत, कपिलवस्तु नगरपालिका
सदस्य : श्री जिल्ला प्रशासन कार्यालयबाट तोकिएको अधिकृत स्तरको प्रतिनिधि
सदस्य : अध्यक्ष श्री तौलिहवा उधोग वाणिज्य संघ
सदस्य : श्री बिजय राज वाग्ले शा.अ. प्रशासन शाखा

**वडा स्तरीय कार्यदल**

संयोजक : सम्बन्धित वडा का वडा अध्यक्ष
सदस्य : सम्बन्धित वडा का वडा सदस्यहरु
सदस्य : सम्बन्धित वडा का वडा सचिव

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर प्रमुख ज्युबाट कोरोना भाइरस कोविड १९ रोकथाम तथा न्युनिकरणका सम्बन्धमा विभिन्न मितिमा भएका आदेशहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क) क्वारेन्टाइन स्थल छनौट तथा व्यवस्थापन ।

ख) राहत वितरणका लागि लाभग्राहीहरुको लगत संकलन गर्ने ।

ग) अति आवश्यक औषधीजन्य सामाग्री खरिद गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा हाल रहेका क्वारेन्टाइन स्थलका अलावा थप व्यवस्थापन गर्न आवश्यक देखिएकमा प्रमुख जिल्ला अधिकारीको समन्वयमा थप व्यवस्थापन गर्ने तथा कोविड १९ का विरामीको उपचारमा नगरपालिकाबाट स्वास्थ्य कर्मी माग भएमा नगरपालिकाले स्वास्थ्य कर्मी उपलव्ध गराउने साथै अत्यावश्यक औषधी तथा स्वास्थ्य सामाग्री खरिद गरि तयारी अवश्थामा राख्ने र संक्रमण अवधिभर देहाय बमोजिम जोखिम भत्ता उपलव्ध गराउने ।

क) स्वास्थ्य परिक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई खटिएको अवधिको शुरु तलवमानको ३५ प्रतिशतले हुने रकम ।

ख) देहाय बमोजिमको औषधी तथा औषधी जन्य उपकरण खरिद गर्ने

| क.सं | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | PPE | थान | प्रति स्वास्थ्य चौकी २ थानका दरले |
| २ | Infrarate Thermameer | थान | प्रति स्वास्थ्य चौकी २ थानका दरले |

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश र केन्द्र सरकार संग समन्वय गरि माग बमोजिमको तथ्याङ्क उपलव्ध गराई सहायता परिचालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिका क्षेत्र भित्र फोहरमैला व्यवस्थापन सम्बन्धि कार्य नियमित रुपमा संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा पशुपन्छी आहार व्यवस्थापन तथा ओसार प्रसारका लागि जिल्ला प्रशासन कार्यालय कपिलवस्तु संग समन्वय गरि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.८**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोविड १९ न्युनिकरणका लागि वडाहरुबाट पनि निरन्तर प्रयास भैरहेको अवश्थामा अत्यावश्यक व्यवस्थापनका लागि प्रत्येक वडाहरुको लागि रु. २५०००।०० दरले रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

राहत वितरण कार्यको गुनासो संकलन गर्न फोकल पर्सनको रुपमा कपिलवस्तु नगरपालिका प्रशासन शाखा प्रमुख शा.अ. बिजय राज वाग्ले लाई तोक्ने र आएका सम्पूर्ण गुनासाहरु अनुगमन समिति समक्ष पेश गर्ने ।

**निर्णय नं. १०**

कपिलवस्तु नगर पालिकाबाट वितरण गरिने राहत सामाग्रीहरुको मूल्य सूचि निर्धारणका लागि स्थानिय आपूर्ति कर्ता तथा तौलिहवा उधोग वाणिज्य संघ समेतबाट मूल्य सूचि माग गरिएकोमा तत निकायबाट प्राप्त दररेटका आधारमा देहाय बमोजिमको सामाग्रीहरुको अधिकतम दररेट निर्धारण गरि वडा समितिबाट अधिकतम दररेटमा नबढने गरि आपूर्तिकर्ताबाट दररेट लिई खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

क) चामल मोटा प्रति के.जी रु. ४०।-

ख) दाल केराउ प्रति के.जी रु. ८०।-

ग) नुन प्रति के.जी रु. २०।-

घ) खाने तेल प्रति लिटर रु. १७०।-

ङ) हातधुने सावुन प्रति गोटा रु. ३०।-

च) सामाग्री राख्ने बोरा प्रति बोरा रु. २०।-

**निर्णय नं.११**

राहत वितरणका लागि मापदण्ड विपरित झुट्टा विवरण पेश गरि कसैले राहत लिएमा त्यस्ता व्यक्तिहरुबाट राहत बराबरको रकम असुल गरि नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाबाट समेत बचिंत गर्ने निर्णय गरियो ।